**निर्णय नं. १ :**

भूकम्पपीडित लाभग्राहीहरूको स्थायी संरचना पुनर्निर्माण गर्नको लागि यस मेलम्ची नगरपालिका अन्तर्गत रहेका जग्गाको लालपूर्जा मृतकको नाममा रहेको र निजको हकवालाबाट नक्शा पास गरी स्थायी संरचना निर्माण गर्नको लागि तपशिल बमोजिमका कागजातहरू पेश भएमा नक्शा पास प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

**तपशिल**

(क) मृतकको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि

(ख) मृतक र अंशियार बिचको नाता खुलेको नाता प्रमाणित प्रतिलिपि

(ग) अंशियारहरूले घर निर्माणका लागि दिएको वडाबाट प्रमाणित सक्कल मञ्जुरीनामा

(घ) घरधनी, जग्गाधनी र मञ्जुरीनामावालाको नेपाली नागरिकताको प्रतिलिपि

(ङ) नक्शा निवेदन किताबमा उल्लेख भएका अन्य आवश्यक कागजातहरू

Scanned by CamScanner

निर्णय नं. २ :

यस मेलम्ची नगरपालिका अन्तर्गतका केही वडाका भूकम्पपीडित लाभग्राहीहरू हालसम्म गुठीको नाममा रहेको जग्गामा बसोबास गर्दै आइरहेको तथा निजहरूको आफ्नो नाममा लालपूर्जा नभई गुठीको नाममा रहकोले उपरोक्त किसिमको जग्गामा नक्शा पास गरी स्थायी संरचना र्निमाण गनुपर्ने अवस्था रहेको हुँदा देहाय बमोजिमको कागजातहरूको आधारमा नक्शा पास प्रक्रिया अगाडि बढाउंन निर्णय गरियो ।

तपशिल

(क) गुठीको नाममा रहेको लालपूर्जाको प्रमाणपत्रको प्रतिलिपि

(ख) गुठीको नाममा रहेको जग्गाको लालपूर्जामा मोही जनिएको कागजात

(ग) चालु आ.व.सम्मको तिरो वा कर तिरेको रसिद

(घ) सम्बन्धित भूकम्पपीडितले गुठी संस्थानसंग घर बनाउँन लिएको सहमतिपत्र

(ङ) नक्शा निवेदन किताबमा उल्लेख भएका अन्य आवश्यक कागजातहरू

निर्णय नं. ३ :

नेपाल सरकारबाट मिति २०७४।६।२८ मा प्रमाणिकरण भई जारी भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ को दफा २७ को उप दफा (१) बमोजिम ब्यवस्था भए अनुसार गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्शा पास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन भन्ने ब्यवस्था भएकोले सोही दफा बमोजिम हाल यस मेलम्ची नगरपालिका क्षेत्रभित्र ढुङ्गा माटो र ईटा माटोको जोडाईबाट निर्माण हुने स्थीय संरचनाको हकमा नक्शा पास प्रक्रिया लागु नगरी सम्बन्धित वडा कार्यालयको सिफारिस, साँधसधियारको मुचुल्का र वडा कार्यालयमा खटिएका प्राविधिकहरूको सिफारिसको आधारमा सम्बन्धित वडाबाट स्थायी संरचना निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

नेपाल सरकारबाट जारी भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ को दफा २७ को उप दफा (१) बमोजिम ब्यवस्था भए अनुसार गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्शा पास नगराई भवन निमाण गर्नु हुँदैन भन्ने ब्यवस्था रहेकोले सोही ब्यवस्था बमोजिम हाल मेलम्ची नगरपालिकामा समावेश भएका साविकका भोटेचौर, थकनी, हैबुङ र दुवाचौर गाविसहरूमा निर्माण हुने RCC र लोड बेयरिङ प्रकृतिका स्थायी संरचनामा नगरपालिकाले तोकेको भवन निर्माण मापदण्ड लागु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner